# तेजगंगा बहुमुखी क्याम्पस

# शिक्षक कर्मचारी सेवा बिनियम २०७१

क्याम्पस संचालन नियमावली २०५७ (दोस्रो संशोधन २०७० सहित) को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले क्याम्पसको शिक्षक कर्मचारीको हित र उनीहरुसंग सम्बन्धित सेवालाई व्यबस्थित गर्न यो बिनियम तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यो बिनियमको नाम "तेजगंगा बहुमुखी क्याम्पस शिक्षक कर्मचारी सेवा बिनियम २०७१" रहेको छ।

(ख) यो बिनियम सञ्चालक समितिले पारित गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिनियममा :

(क) "ऐन" भन्नाले सम्बन्धन दिने बिश्वबिद्यालयको ऐन सम्झनु पर्दछ।

(ख) "क्याम्पस" भन्नाले तेजगंगा बहुमुखी क्याम्पस सम्झनु पर्दछ।

(ग) "सञ्चालक समिति" भन्नाले नियमावली बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ।

(घ) "पदाधिकारी" भन्नाले बिनियमको दफा ६.३ बमोजिमका अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिब क्याम्पसप्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "शिक्षक" भन्नाले नियम दफा २ को खण्ड (ढ) मा परिभाषित शिक्षक सम्झनु पर्दछ।

(च)कर्मचारी" भन्नाले नियम दफा २ को खण्ड (ण)बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(छ) "क्याम्पस सेवा" भन्नाले क्याम्पसका शिक्षक तथा कर्मचारीको सेवा सम्झनु पर्दछ।

(ज) "अख्तियारवाला" भन्नाले तोकिएको अख्तियारवाला सम्झनु पर्दछ।

(झ)"तोकिए वा तोकिएबमोजिम" भन्नाले क्याम्पस र अन्य बिनियम अन्तरगत जारी भएका कार्य प्रणली, आदेश वा निर्देशिका सम्झनु पर्दछ।

(ञ)"क्याम्पस सेवा आयोग" भन्नाले क्याम्पसमा आवश्यक शिक्षक, तथा कर्मचारीको नियुक्ति, शिफारिस गर्ने, मुल्याङ्कन गर्ने, क्याम्पस सञ्चालक समितिबाट गठित निकायलाई सम्झनु पर्दछ।

**३. बिनियमको व्याख्या**

यस बिनियमको प्रयोग गर्दा कसैलाई मर्का परेमा निजले सञ्चालक समितिसमक्ष निबेदन दिन सक्नेछ । यसरी परेको निबेदनमा सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद- २

## पद, व्यबस्था र पदपुर्ति

**४. पद सिर्जना :**

(क) क्याम्पसमा शिक्षक तथा कर्मचारी सम्बन्धी पदको सिर्जना र पदसंख्या निर्धारण क्याम्पस सञ्चालक समितिले गर्नेछ । त्यसको अनुमोदन क्याम्पस सभाले गर्नेछ ।

(ख) यसरी सिर्जना भएको पद दर्तागरी अभिलेखीकरण गरिनेछ ।

(ग) पद रिक्त नभई शिक्षक तथा कर्मचारी भर्ना गर्न पाईने छैन । तर यो व्यबस्थाले कक्षा भारका आधारमा पारिश्रमिक पाउने गरी आँशिक, करार तथा ज्यालादारीमा शिक्षक र कर्मचारी नियुक्तिमा बाधा पुर्‍याएको मानिने छैन् ।

**५. पद बिभाजन :**

क्याम्पस सेवाको पद बिभाजन देहाय अनुसार हुनेछ :

**(क) शिक्षक तर्फ**

१) प्राध्यापक (Professor)

२) सहप्राध्यापक (AssociateProfessor)

३) उपप्राध्यापक (Lecturer)

४) शिक्षण सहायक (Teaching Assistant)

५) प्रशिक्षक (Instructor)

**(ख) कर्मचारी तर्फ**

१) प्रशासक

२) उपप्रशासक

३) सहायक प्रशासक

४) लेखाअधिकृत

५) हेड असिस्टेण्ट

६) लेखापाल

७) कार्यालय सहायक

८) बुकचेकर/ल्याब असिस्टेण्ट

९) सहयोगी कर्मचारी

## ६. सेवा प्रबेशको योग्यता र श्रेणीक्रम :

### (क) योग्यता र श्रेणीक्रम

क्याम्पस शिक्षण सेवामा प्रबेश गर्न न्युनतम योग्यता त्रि.बि.वा मान्यता प्राप्त विश्वबिद्यालयबाट सम्बन्धित बिषयमा स्नातकोत्तर तह वा सोसरह कम्तिमा द्वित्तीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ । साथै बिदेशी विश्वविद्यालयबाट उत्तीर्णले समकक्षाताको प्रमाण पत्र पेश गर्नुपर्ने छ भने कर्मचारीको हकमा सहायक प्रशासक वा सोसरह मुनिका पदहरुका लागि तोकिए अनुसारको योग्यता हुनुपर्नेछ । उल्लेखित पदभन्दा माथिका पदहरु उपप्रशासक, प्रशासकको आन्तरिक बढुवाबाट नियुक्ति हुनेछ । क्याम्पसमा स्थायी सेवाका लागि नेपाली नागरिक हुन अनिबार्य छ । साथै शिक्षक तथा कर्मचारीहरुको श्रेणीक्रम वा बरिष्ठताक्रमलाई निम्नानुसार मानिनेछ :

अ) समान पदमा स्थायी नियुक्ति प्राप्त शिक्षक वा कर्मचारीले स्थायी नियुक्ति पाएका मितिका आधारमा बरिष्ठता क्रममा अगाडि मानिनेछ ।

आ) अस्थायी वा करार सेवामा नियुक्ति प्राप्त व्यक्ति समान पदमा स्थायी सेवामा नियुक्त व्यक्तिभन्दा पछाडिको क्रममा हुनेछ ।

इ) स्थायी सेवा भएपनि अस्थायी करार सेवामा रहेको व्यक्ति पनि स्थायीभन्दा माथिल्लो पदमा भए श्रेणीक्रममा अगाडि हुनेछ ।

ई) एउटै मितिमा समान पदमा नियुक्त भएका भए स्थायी मिति वा क्याम्पस प्रबेश मितिलाई लिईनेछ । सो नभएमा व्यञ्जन बर्ण अनुसार बर्णानुक्रमका आधारमा श्रेणीक्रम राखिनेछ ।

### (ख) उमेर

क्याम्पसको स्थायी सेवामा प्रबेशका निमित्त कर्मचारीका लागि बढिमा पुरुष ३५ बर्ष र महिला ४० बर्ष सम्मको उमेर हद कायम गरिएको छ तर सेवा प्रबेश गरिसकेकाबाट स्थायी हुन यो उमेर हद लागु हुनेछैन् ।

## (७) पदपुर्ति गर्ने तरीका

(क) सेवामा स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरु खुल्ला प्रतियोगिताद्वारा शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता समेतको मुल्याङ्कनबाट गरिनेछ । साथै बढुवाबाट पुर्ति गरिने पदहरुको आधार सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ । उपरोक्त कार्य नियम ९ को क्याम्पस सेवा आयोगले गर्नेछ भने क्याम्पस सेवा आयोगले गरेका निर्णय क्याम्पस सञ्चालक समितिद्वारा अनुमोदन गराउनु पर्नेछ । यसरी निर्धारण गर्दा सञ्चालक समितिले उचित र न्यायोचित किसिमले गर्नु पर्नेछ ।

(ख) अन्य कुनै विश्वबिद्यालयका आङ्गिक क्याम्पससमा, नेपाल सरकारको कार्यालय वा संस्थानमा स्थायीरुपमा कार्यरत कुनै व्यक्तिलाई शिक्षक वा कर्मचारी नियुक्ति गर्नुपरेमा नीजलाई करार सेवामा मात्र लिन सकिनेछ ।

(ग) विश्वविद्यालयमा वा अन्य क्याम्पससमा कार्यरत कुनै तहको प्राध्यापक केही अबधिका लागि काममा आउन चाहेमा क्याम्पसको आवश्यकता र अबस्थालाई हेरी प्रशासनिक पदमाबाहेक काजमा आउन सञ्चालक समितिले निर्णय गरी सहमती दिन सक्नेछ ।

(घ) रिक्त रहेको दरबन्दीमा उपप्राध्यापक पदका लागि शिक्षण सहायक वा सहायक प्राध्यापक पदमा कम्तिमा ५ बर्ष करार भई कार्य गरेको शिक्षकलाई आन्तरिक बिज्ञापन गरी आवश्यक प्रकृया पुरागरी क्याम्पस सेवा आयोगले उपप्राध्यापक पदमा पदोन्नतिका लागि सिफारिस गर्न सक्नेछ । तर बिशिष्ठ श्रेणी उत्तीर्ण गरेका वा बिद्याबारिधि हासिल गरेको वा क्याम्पस सञ्चालनमा गरिएको नयाँ वा बिशेष कार्यक्रमलाई शिक्षकहरु नियुक्ति गर्नुपर्ने अबस्थाका व्यक्तिलाई आवश्यक परेमा बिशेष अवस्था गर्न सकिनेछ । साथै खुल्ला बिज्ञापनद्वारा स्थायी शिक्षक पदपुर्ति गर्दा सोभै उपप्राध्यापक पदमा गरिनेछ । उपरोक्त कार्य नियम ९ को क्याम्पस सेवा आयोगले गरेको निर्णय सञ्चालक समितिद्वारा अनुमोदन गराउनु पर्नेछ ।

(ङ) उपप्राध्यापक पदमा स्थायी भै निरन्तर १० बर्ष सेवा अबधि पुरागरेको व्यक्तिलाई क्याम्पस सेवा आयोगले आन्तरिक बिज्ञापनद्वारा आवश्यक प्रकृया पुरा गरी सहप्राध्यापक पदमा पदोन्नतिको सिफारिस गर्न सक्नेछ । तर बिद्याबारीधि गरेको व्यक्तिलाई उपप्राध्यापक समेत भै ६ बर्ष सेवा पुरा गरेपछि सहप्राध्यापक पदमा प्रतिस्पर्धा गर्न योग्य मानिनेछ । साथै सम्बन्धित बिषयमा बिशिष्टता प्राप्त व्यक्ति क्याम्पसलाई आवश्यक छ भन्ने लागेमा क्याम्पस सञ्चालक समितिले आवश्यक प्रकृया पुरागरी नियुक्ति गर्न उपरोक्त अबधिले बाधा गर्नेछैन ।

(च) सहप्राध्यापक पदमा बिद्याबारीधि गरी कम्तिमा ५ बर्ष कार्यरत प्राज्ञिक बिशिष्टता हासिल गरेको वा सहप्राध्यापक पदमा कम्तिमा ८ बर्ष कार्यरत व्यक्तिलाई क्याम्पस सेवा आयोगले प्राध्यापक पदमा पदोन्नति गर्न सक्नेछ । तर प्राध्यापक हुनका लागि सम्बन्धन प्राप्त विश्वबिद्यालयको मापदण्ड अनुसारका प्राज्ञिक कार्यहरु गरेको हुनुपर्नेछ ।

(छ) कर्मचारीतर्फ क्याम्पस सेवा आयोगद्वारा सिर्जना भई क्याम्पस सञ्चालक समितिबाट अनुमोदन गरिएका पदहरुमा आवश्यक प्रकृयाद्वारा स्थायी वा करार सेवामा सेवा आयोगले पदपुर्तिको सिफारिस गर्नेछ तथा आन्तरिक बढुवाका निम्ति कार्यरत पदमा स्थायी भै कम्तिमा ५ बर्ष पुरागरेको व्यक्ति सम्बन्धित पदमा प्रतिस्पर्धाका लागि योग्य मानिनेछ ।

## ८. नियुक्ति र बढुवाका लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता

(क) क्याम्पस सेवाको शिक्षक तथा कर्मचारी पदमा नियुक्ति र बढुवाको उमेदवार हुन चाहिने न्युनतम योग्यता सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ र यसरी निर्धारण गर्दा सञ्चालक समितिले सम्बन्धन प्रदान गर्ने बिश्वबिद्यालयको मापदण्डलाई आधार मान्नु पर्नेछ ।

(ख) क्याम्पस सेवाको पदमा शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाका लागि सिफारिस गर्दा क्याम्पस सेवा आयोगले सञ्चालक समितिद्वारा तोकिएको बढुवाका आधार र कार्य सम्पादन मुल्याङ्कनका आधारमा गर्नेछ ।

## ९. क्याम्पस सेवा आयोग

क्याम्पसमा रिक्त रहेका कुनै दरबन्दीको पदपुर्ति गर्न क्याम्पस सञ्चालक समितिको सिफारिसमा १ संयोजक र १ बिषयबीज्ञ सदस्य तथा क्याम्पसप्रमुख पदेन सदस्यसचिव रहनेगरी बढीमा ५ सदस्यीय क्याम्पस सेवा आयोग गठन गरिनेछ ।

## १०. क्याम्पस सेवा आयोगको काम, कर्तब्य र अधिकार

क्याम्पस सेवाको पदपुर्तिका लागि समितिलाई देहाय बमोजिम अधिकार हुनेछ :

(क) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि निर्णय गरी समितिमा सिफारिस गर्ने ।

(ख) क्याम्पस शिक्षक तथा कर्मचारीको सेवा शर्त सम्बन्धी कानुनको बिषयमा सञ्चालक समितिलाई सल्लाह र सुझाव दिने ।

(ग) क्याम्पस सेवा आयोगको परीक्षामा सम्मिलित हुन चाहने उमेदवारको शैक्षिक योग्यता तथा बढुवाका आवश्यक शर्तहरु निर्धारण गर्ने ।

(घ) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने ।

(ङ) क्याम्पस सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने बिषयमा निरीक्षण वा जाँचबुझ गर्ने ।

(च) शिक्षक तथा कर्मचारीहरुको बृत्तिबिकास वा क्षमता र दक्षता बृद्धि गराउने बिषयमा क्याम्पस सञ्चालक समितिले मागेका सुझावहरु दिने ।

(छ) क्याम्पससंग सम्बन्धित कानुन बमोजिम तोकिएका अन्य कार्यहरु गर्ने ।

(ज) शिक्षक तथा कर्मचारीहरुका छनोट गर्दा आवश्यकतानुसार सम्बन्धित बिषयका बिषयबीज्ञहरु अनिबार्यरुपमा व्यबस्था गर्ने ।

(झ) शिक्षक छनोटमा सम्बन्धित बिभागको बिभागीय प्रमुखलाई पनि छनोट प्रकृयामा आमन्त्रित गर्ने ।

(ञ) बिषयबीज्ञलाई समिति सदस्यमा मनोनयन गर्ने ।

(ट) मुल्याङ्कन प्रकृयामा समितिका ३ जना व्यक्ति बाहेक समितिले आवश्यक ठानेमा बिभागीय प्रमुख वा अन्यलाई सहभागी गराउन सक्नेछ ।

## ११. नियुक्तिको व्यबस्था

क्याम्पसको सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति र बढुवा क्याम्पस सेवा आयोगको सिफारिसमा सञ्चालक समितिले गर्नेछ । सम्बन्धन दिने विश्वबिद्यालयको नीतिसंग बाझिने गरी सिफारिस गर्न भने पाईने छैन ।

## १२. परीक्षणकाल

१) खुल्ला बिज्ञापनद्वारा पदपुर्ति गरिएकोमा स्थायी नियुक्ति दिंदा १ बर्षको परीक्षणकाल रहनेगरी दिईनेछ । निजको कार्य सम्पादन सन्तोषजनक देखिएमा १ बर्ष पुगेपछि परीक्षणकाल हटाईनेछ । परीक्षणकाल सन्तोषजनक नदेखिएमा क्याम्पसप्रमुखको सिफारिसमा सञ्चालक समितिबाट निजलाई सेवामुक्त गरिनेछ । यसरी परीक्षणकाल हटाईएकाहरुको नियुक्ति समेतलाई स्वतः सदर मानिनेछ ।

२) पदाबधि गणना गरिने : परीक्षणकालमा रही नियुक्ति सदर भएमा सो परीक्षण कालको अबधिलाई पनि प्रत्येक आर्थिक बर्षमा थप गरिने ग्रेड बृद्धि तथा अन्य प्रयोजनका लागि गणना गरिनेछ ।

## १३. पद रिक्त हुने अवस्था

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको देहायका अबस्थामा पद रिक्त हुनेछ :

(क) लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) क्याम्पसप्रमुख, सहायक क्याम्पसप्रमुख, कार्यक्रम संयोजक र शिक्षण बिभागको प्रमुखको हकमा निजहरको तोकिएको पदाबधि समाप्त भएमा, त्यस्तो अवस्थामा शैक्षिक पद भने कायम रहनेछ ।

(घ) होस ठेगाानामा नरही बहुलाएको प्रमाणित भएमा ।

(ङ) नैतिक पतन देखिने गम्भीर प्रकृतिको फौजदारी अभियोगमा सजायँ पाएमा ।

(च) क्याम्पसमा अध्ययन भैरहेका बिषयमा बिद्यार्थी नभई बिषय समेत खारेज भएमा सम्बन्धित बिषयका शिक्षकलाई बैकल्पिक कार्यमा लगाउने र बैकल्पिक अवस्था हुन नसकेमा सम्मानजनक बिदाई गरिनेछ ।

(छ) आफ्नो पदको दायित्व निर्बाह नगरेको वा क्याम्पसको हित बिपरित आचरण ठहर्याई सञ्चालक समितिको बैठकबाट हटाईएमा । तर यसरी हटाँउदा निजलाई आफ्नो पदको सफाई सबुत पेशगर्ने कम्तिमा ७ दिनको म्याद दिनुपर्नेछ र यस सम्बन्धमा सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ ।

(ज) राजनीतिक अभियोगमा बाहेक सार्बजनिक सुरक्षा ऐन अन्तर्गत थुनामा रहेमा निजलाई सो अबधिभरका लागि निलम्बित भएको मानिनेछ । थुनाबाट मुक्त भएपछि निज आफ्नो पदमा स्वतः बहाल रहनेछन् ।

(झ) प्राध्यापक तथाकर्मचारीहरु ६३ बर्ष पुगेपछि स्वतः अबकास हुनेछन । तापनि क्याम्पसले चाहेमा केहि बर्षका लागि करार गरि सेवा लिन सक्नेछ ।

**१४. निमित्त भई कामगर्ने र कायममुकायम**

क्याम्पसप्रमुख कुनै कारणले ३० दिनभन्दा कम अबधिका लागि बिदामा बस्नु परेमा सहायक क्याम्पसप्रमुखहरु मध्येबाट जेष्ठताका आधारमा कुनै एकजना सहायक क्याम्पसप्रमुखलाई निमित्त दिई दैनिक कार्य संचालन गर्नुपर्नेछ । क्याम्पसप्रमुख ३० दिनभन्दा बढि समयसम्म बिदामा बस्नुपर्ने भएमा सञ्चालक समितिले निमित्त भई कार्य गर्नेलाई आवश्यकता अनुसार क्याम्पसप्रमुखले प्रयोग गर्न पाउने आर्थिक अधिकार पनि सुम्पन सक्नेछ । यस्तो अवस्थामा निजले सोही पद अनुसारको सुबिधा प्राप्त गर्नेछ । तर ३० दिनभन्दा कम अबधिका लागि अतिरिक्त सुबिधा उपलब्ध गराईने छैन । ३० दिनभन्दा बढि अनुपस्थित रहने क्याम्पसप्रमुखलाई अतिरिक्त भत्ता दिईने छैन ।

**१५. पदाधिकार कायम रहने**

राजिनामा स्वीकृत भएमा, बर्खास्त भएमा वा निजले अबकास पाएमा, बढुवा भएमा बाहेक देहायका अवस्थामा हरेक पदाधिकारी, शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछ :

(क) पदमा कामकाज गरिरहँदासम्म ।

(ख) बिदामा बसेको अबधि ।

(ग) निलम्बन रहेको अबधि ।

(घ) काजमा खटिएको अबधि ।

(ङ) कायममुकायम मुकरर भएको अबधि ।

(च) अर्को पदमा सरुवा, बढुवा भै कार्यभार नसम्हाल्दासम्मको अबधि ।

## परिच्छेद ३

## सेवाको सुरक्षा

### १६. सेवाको सुरक्षा

शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभुत हुनेछ । देहायका कुनै अवस्थामा बाहेक अन्य अवस्थामा शिक्षक तथा कर्मचारीलाई सफाईको मौका नदिनेगरी क्याम्पस सेवाबाट हटाईने वा बर्खास्त गरिने छैन :

(क) बिना सुचना ३५ दिनभन्दा बढि बेपत्ता भएको वा अन्य कारणले सम्पर्क स्थापित गर्न असम्भब भएको अवस्थामा ।

(ख) नैतिक पतन देखिने फौजदारी मुद्धामा अदालतबाट दोषी प्रमाणित भै सजायँ पाएमा ।

(ग) अस्थायी वा करार सेवामा रहेका शिक्षक कर्मचारीहरुको म्याद थप नभएमा ।

(घ) आचरण सम्बन्धी नियम उलङ्घन गरेमा ।

### १७. सेवा सर्तको सुरक्षा

कुनैपनि शिक्षक तथा कर्मचारीलाई निजको नियुक्ति र बढुवा हुँदा तत्काल खाईपाई आएको तलब, ग्रेड, उपादान सम्बन्धी सर्तमा निजलाई प्रतिकुल असर पर्नेगरी परिबर्तन गरिने छैन । साथै स्थायी शिक्षकको प्राध्यापन गर्ने बिषयको खारेजी भएमा निजलाई सम्भब भएसम्म क्याम्पसको प्राज्ञिक एबम् प्रशासनिक कार्यमा संलग्न गराई वा अन्यत्र सरुवा गरी वा अन्य कामकाजमा पठाई निजको सेवाको सुरक्षा प्रदान गरिनेछ । सम्बन्धित बिषयका शिक्षकलाई बैकल्पिक कार्यमा लगाउने र बैकल्पिक अवस्था हुन नसकेमा मात्र सम्मानजनक बिदाई गरिनेछ ।

**१८. सरुवा**

(क) कुनै शिक्षक वा कर्मचारीलाई आवश्यकता र औचित्य अनुसार नेपाल राज्यभित्रका सामुदायिक स्तरका क्याम्पसहरुमा कार्यरत समान स्तरका पदहरुमा आपसी सहमतिका आधारमा क्याम्पस सेवा आयोगको स्वीकृतिद्वारा समान तहको अर्को पदमा सरुवा वा पदास्थापन गर्न सकिनेछ ।

(ख) सरुवा भई जानेको हकमा निजको पदावधि सेवा प्रबेशकै अबधिबाट गणना गरिनेछ ।

(ग) उप नियम (क) बमोजिम सरुवा भई जानका लागि तयारी म्याद ७ दिन दिईनेछ ।

**परिच्छेद ४**

**काज**

**१९. काजमा खटाउन सक्ने**

(क) कुनै शिक्षक तथा कर्मचारीलाई क्याम्पस वा विश्वबिद्यालय वा उच्च माध्यामिक शिक्षा परिषद वा सोभन्दा बाहिरको कुनै सरकारी वा गैरसरकारी कार्यालयमा काजमा पठाउन सक्नेछ ।

(ख) उपनियम (क) बमोजिम त्रि.बि. अन्य विश्वबिद्यालय वा सम्बद्ध संस्थाद्वारा सञ्चालित परीक्षाका लागि काजमा पठाउँदा भने स्थायी र करार सेवामा कार्यरत शिक्षकलाई मात्र पठाउन सकिनेछ । त्यस्ता शिक्षकलाई १ महिना भन्दा बढि अबधिका लागि पठाईनेछैन र यसरी पठाउँदा सम्बन्धित निकायद्वारा भत्ता लिने गरी तलबी बिदा दिईनेछ ।

(ग) काजमा पठाउनका लागि १ महिनासम्मका लागि क्याम्पसप्रमुख र सोभन्दा बढि समयका लागि सञ्चालक समितिको निर्णयानुसार काजमा खटाउन सकिनेछ ।

(घ) उपदफा (ख) बमोजिम काजमा खटिएका शिक्षक वा कर्मचारीले काजसंग सम्बन्धित बिषयको प्रतिबेदन ७ दिनभित्र क्याम्पसप्रमुखलाई बुझाउनु पर्नेछ ।

**परिच्छेद ५**

**बिदा सम्बन्धी ब्यबस्था**

**२०. बिदाका प्रकार**

क्याम्पसको आफ्नो अवस्था हेरी क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई बिरामी बिदा, भैपरिआउने बिदा, कृया बिदा, पर्ब बिदा, प्रसुति बिदा र प्रसुति सेवा बिदा, अध्ययन बिदा, स्वाध्यायन बिदा, घर बिदा, बेतलवी बिदा रहेका छन् ।

**२१. बिरामी बिदा**

(क) शिक्षक तथा कर्मचारीलाई १ बर्षको सेवाका लागि १५ दिनको पुरा तलवी वा ३० दिनको आधा तलवी बिदा दिईनेछ । तर ७ दिनभन्दा बढि अबधिको बिरामी बिदा लिनुपरेमा स्वीकृत गर्ने अधिकारीले चिकित्शकको प्रमाणपत्र पेश गर्न लगाउन सक्नेछ ।

(ख) शिक्षक तथा कर्मचारीको बिरामी बिदा सञ्चित हुन सक्नेछ ।

(ग) शिक्षक तथा कर्मचारीको सञ्चित बिरामी बिदा ९० दिनभन्दा बढि पुगेमा सम्बन्धित आ.ब.को अन्त्यमा बढि बिदाको तलब स्केल अनुसार भुक्तानी पाउनेछन् ।

(घ) सेवामा बहाल रहँदा कुनै शिक्षक वा कर्मचारीको मृत्युभएमा निजको सञ्चित बिरामी बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुन आउँने रकम निजको हकवालालाई दिईनेछ ।

(ङ) कुनै कडा रोग लागी लामो समयसम्म उपचार गर्नुपर्ने भई सञ्चित बिरामी बिदा तथा घर बिदाबाट नपुग भएमा पछि कट्टा हुनेगरी ३० दिन सम्मका लागि पेश्की बिदा दिन सकिनेछ ।

**२२. भैपरिआउने बिदा**

शिक्षक तथा कर्मचारीहरुले १ बर्षमा ९ दिन भैपरिआउने बिदा पाउँनेछन् । आकस्मिक अवस्था परेकोमा बाहेक स्वीकृत नगराई भैपरिआउने बिदा पाईनेछैन । यो बिदा सञ्चित हुनेछैन ।

**२३. कृया बिदा**

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीका आमा, बुबा, श्रीमान् वा श्रीमति, एकाघरका छोरा, बुहारी वा अबिबाहित छोरी मरेमा वा आफैं किरिया बस्नुपर्ने भएमा कुलधर्म हेरी बढिमा १५ दिन पुरा तलबी कृया बिदा दिईनेछ । महिला शिक्षक वा कर्मचारीको श्रीमान आफैं कृया बस्नुपर्ने भएमा निजलाई पनि सोही अनुसारको बिदा दिईनेछ ।

**२४. पर्व बिदा**

शिक्षक वा कर्मचारीले बर्षभरिमा ६ दिनसम्म पर्व बिदा पाउँनेछन् । तर यो बिदा सञ्चित हुनेछैन ।

**२५. प्रसुति र प्रसुति सेवा बिदा**

क्याम्पसमा कार्यरत पुर्णकालीन महिला पदाधिकारी, शिक्षक तथा कर्मचारी गर्भवती भएमा सुत्केरी अघिपछि गरी ६० दिन सुत्केरी बिदा पाउँनेछन् । त्यस अबधिको पुरा तलब दिईनेछ तर सुत्केरी बिदा २ पटकसम्म मात्र प्राप्त हुनेछ ।

**२६. अध्ययन बिदा**

क्याम्पसमा कार्यरत कुनै प्राध्यापक तथा कर्मचारीले कम्तिमा ५ बर्षसम्म अबिच्छिन्न स्थायी सेवा गरिसकेपछि क्याम्पसलाई आवश्यक पर्ने बिषयको अध्ययन गर्न जानुपर्ने भएमा बढिमा ३ बर्षसम्मका लागि तलवी अध्ययन बिदा दिन सकिनेछ । बिदा बस्ने शिक्षक तथा कर्मचारीले ३ महिना अगाडिदेखि आबेदन दिई बिदा स्वीकृत गराउनु पर्नेछ । अध्ययन बिदा उपयोग गरी क्याम्पसबाट तोकिएको सुबिधा लिईसकेको शिक्षक वा कर्मचारीले कम्तिमा ५ बर्षसम्म क्याम्पसमा सेवा गर्नु पर्नेछ । यदि सो नगरेमा अध्ययन अबधिमा क्याम्पसबाट प्राप्त सुबिधा क्याम्पसले असुलउपर गर्नेछ । क्याम्पसको आर्थिक अवस्थाको मुल्याङ्कन गरी सञ्चालक समितिको निर्णयले एकमुष्ट आर्थिक सहयोग गर्न सक्नेछ ।

### २७. स्वाध्ययन बिदा

स्थायी सेवामा रहेको वा अध्ययन वा बेतलबी बिदा उपयोग गरिसकेको मितिबाट ५ बर्षसम्म लगातार सेवा गरिसकेका शिक्षकलाई क्याम्पसको काममा बाधा नपर्ने भएमा, अनुसन्धान कार्यमा लाग्न वा आफ्नो योग्यता बढाउन वा पाठ्यपुस्तक लेख्न वा अन्य तोकिएको शैक्षिक वा प्राज्ञिक काम गर्न १ बर्षको स्वाध्ययन बिदा सञ्चालक समितिको स्वीकृतिमा दिन सकिनेछ । यस्तो बिदा स्वीकृत गराउनु भन्दा अगाडि सम्बन्धित शिक्षकले अनुसन्धान कार्य वा योग्यता बढाउने कार्य वा पाठ्यपुस्तक लेखन वा तोकिएको काम गर्ने बिबरण क्याम्पसप्रमुख मार्फत सञ्चालक समितिसमक्ष प्रस्तुत गर्नु पर्दछ । त्यस अबधिको ग्रेडलाई कायमै राखिनेछ र निजले पेश गरेको प्राज्ञिक तथा अनुसन्धान कार्यका लागि गरेको कार्यको बिबरण प्रस्तुत गरेमा सञ्चालक समितिको निर्णयले पटके सहायता गर्न सकिनेछ । यो ब्यवस्था क्याम्पसको अबस्था हेरी लागु हुनेछ ।

### २८. घर बिदा

क्याम्पसमा कार्यरत प्रशासनिक प्राध्यापन (क्याम्पसप्रमुख र सहायक क्याम्पसप्रमुख) एबम् स्थायी कर्मचारीले शीतकालीन तथा गृष्मकालीन बिदाको समयमा सेवा गरेबापत बार्षिक ३० दिन घर बिदा पाउनेछन् । घर बिदा लिँदा पहिले नै बिदा स्वीकृत गराई मात्र बिदामा बस्नु पर्नेछ । बिदा लिई बाँकी बिदाको भुक्तानी सोही बर्षको अन्त्यसम्ममा गरिसक्नु पर्नेछ ।घर बिदा सञ्चित गर्न चाहेमा बढिमा ९० दिनसम्म मात्र गर्न सकिनेछ ।

### २९. बिशेष बेतलवी बिदा

नेपाल सरकार वा सम्बन्धन प्रदान गर्ने बिश्वबिद्यालय वा सरकारी स्वामित्वरहेका संघसंस्थाहरुले यस क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीको सेवा आवश्यकता महसुस गरी माग गरेमा निजको पद कायम रहनेगरी सम्बन्धित संघसंस्था वा कार्यालयबाट तलबभत्ता खानेगरी सञ्चालक समितिको स्वीकृति लिई २ बर्षका लागि बिदालिई जान सक्नेछन् । सञ्चालक समितिमा उचित कारणसहित आबेदन गर्दा समितिलाई मनासिब लागेमा बढिमा २ बर्ष उक्त बिदा थप गर्न सक्नेछ ।

### ३०. बिदा स्वीकृत गर्ने अधिकारी

क्याम्पसप्रमुखको हकमा सञ्चालक समिति र अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारीको हकमा अन्यथा ब्यबस्था भएकोमा बाहेक क्याम्पसप्रमुख बिदा स्वीकृत गर्ने अधिकारी हुनेछन् ।

## परिच्छेद ६

## तलब, भत्ता, दशैंखर्च, औषधि उपचार तथा अन्य सुबिधा

### ३१. तलबभत्ता

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीले सेवामा बहाल भएदेखि बहाली गरेको पदको तलब, भत्ता र अन्य सुबिधा पाउनेछन् ।

### ३२. तलब स्केल

क्याम्पसको सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीले सेवामा रही काम गरेबापत पाउने तलबको स्केल, भत्ता र अन्य सुबिधा सञ्चालक समितिले समयसमयमा निर्णय गरेबमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धन दिने विश्वबिद्यालयको मापदण्डलाई आधार मानिनेछ ।

### ३३. ग्रेड बृद्धि

अन्यथा व्यबस्था भएकोमा बाहेक प्रत्येक स्थायी, अस्थायी र करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीले एक बर्षको सेवा अबधि पुरा गरेपछि बर्षको एक ग्रेड तलब बृद्धि पाउनेछन् ।

**३४. तलबभत्ताको भुक्तानी**

क्याम्पसको सेवामा रहेका शिक्षक तथा कर्मचारीहरुले प्रत्येक महिना समाप्त भएको सामान्यतयाः ३ दिन सम्ममा तलबभत्ताको भुक्तानी पाउनेछन् । कुनै शिक्षक तथा कर्मचारीले पकाईसकेको तलबभत्ता निज जुनसुकै कारणले सेवामा नरहेतापनि प्राप्त गर्नेछ । तर आर्थिक हिनामिना गरी सेवाबाट अवकाश प्राप्त गरेको अवस्थामा भने त्यस्तो तलबभत्ता हिनामिना भएको रकम असुलउपर नभएसम्म रोक्कागर्न सकिनेछ ।

**३५. तलब कट्टा नगरिने**

प्रचलित कानुन र शिक्षक तथा कर्मचारीको सहमतीमा बाहेक अन्य कुनै अवस्थामा निजले प्राप्तगर्ने तलब कट्टी गरिने छैन ।

**३६. तलबी बिदा बसेको बखत तलब रोक्का नगरिने**

कुनै शिक्षक तथा कर्मचारी तलबी बिदामा बसेको बखत निजले पाउने तलब कटौती गरिनेछैन ।

**३७. दैनिक भ्रमण भत्ता**

पदाधिकारी, शिक्षक तथा कर्मचारीले क्याम्पसको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमण भत्ता समयसमयमा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ । यसमा यातायात, दैनिक भत्ता, होटेल बासखर्च लगायतका रकमहरु दिनुपर्नेछ । सामान्यतयाः सम्बन्धन दिने विश्वबिद्यालयले निर्धारण गरेको मापदण्डलाई आधार बनाउनु पर्दछ । नेपाल बाहिर भ्रमण गर्नुपर्दा दैनिक भत्ता एबम् होटेल बासखर्च भारतको हकमा तोकिए अनुसार भारतीय रुपैंयामा उपलब्ध गराईनेछ । तर अन्य मुलुकको हकमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ । होटेल बासखर्च एक पटकमा बढिमा ७ दिन सम्मका लागि मात्र दिईनेछ ।

**३८. निलम्बनमा परेको बखत तलब पाउने**

कुनै शिक्षक तथा कर्मचारी यस नियमावली बमोजिम कारबाहीका सिलसिलामा निलम्बनमा परेमा सो निलम्बन अबधिभर निजले आफ्नो तलबको आधा तलब प्राप्त गर्नेछन् । तर निजलाई लागेको आरोप प्रमाणित हुन नसकी सफाई प्राप्त गरेमा बृद्धि भएको तलब समेत जोडी पुरा तलब प्राप्त गर्नेछन् ।

**३९. फौजदारी अभियोग लागी थुनामा परेमा स्वतः निलम्बन भएको मानिने**

क्याम्पसको स्थायी सेवामा रहेको कुनै शिक्षक तथा कर्मचारी उपर फौजदारी अभियोग लागी निज थुनामा परेको अबधिभर स्वतः निलम्बन परेको मानिनेछ र यसरी निलम्बनमा परेको बखत निजले तलब प्राप्त गर्ने छैनन् । तर अभियोगबाट सफाई पाएमा भने सफाई पाएको मितिदेखि तलब प्राप्त गर्नेछन् ।

**४०.चाडपर्ब खर्च**

क्याम्पससेवामा रहेका शिक्षक तथा कर्मचारीले निजले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक बर्ष आ-आफ्नो संस्कति अनुसार मुख्य पर्बको लागि चाडपर्ब खर्चकोरुपमाप्रदान गरिनेछ । तर यो सुबिधा क्याम्पस सेवा अबधि कम्तिमा ६ महिना नपुगेका अस्थायी वा करार सेवाका शिक्षक तथा कर्मचारीले प्राप्त गर्नसक्ने छैनन् ।

**४१. औषधि उपचार खर्च**

क्याम्पसको सेवा अबधिभरमा शिक्षक तथा कर्मचारीले प्राप्तगर्ने औषधि उपचार खर्च सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धन प्रदान गर्ने बिश्वबिद्यालयको मापदण्डलाई आधार मानिनेछ ।

**४२. क्याम्पस सेवा पदकको व्यबस्था**

क्याम्पसबाट अनिबार्य अवकास प्राप्त गरेका वा कम्तिमा क्याम्पसमा २५ बर्ष सेवा गरेका शिक्षक तथा कर्मचारीलाई सञ्चालक समितिले तोकेबमोजिम बिभिन्न प्रकारका सेवा, पदक, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

**४३. अन्य सुबिधा**

शिक्षक तथा कर्मचारीलाई सञ्चालक समितिको निर्णय अनुसार अन्य सुबिधा प्रदान गर्न सकिनेछ ।

## परिच्छेद७

## अबकाश र उपदान

**४४. सेवा निबृत्त हुने बर्ष**

क्याम्पसको सेवामा रहेका शिक्षक र महिला कर्मचारी ६३ बर्ष पुरागरेपछि र पुरुष कर्मचारी ५८ बर्ष पुगेपछि अनिबार्यरुपबाट सेवा निबृत्त हुनेछन् । तर सञ्चालक समितिलाई निजको सेवा क्याम्पसमा आवश्यक छ भन्ने लागेमा १ पटकमा १ बर्षका दरले बढिमा ५ बर्षसम्म करारसेवामा काममा लगाउन सक्नेछ ।

**४५. करार सेवामा काममा लगाउन सकिने**

दफा ४४ बमोजिम अनिबार्य अबकाश प्राप्त गरेको शिक्षक तथा कर्मचारीलाई आवश्यकता र औचित्य हेरी रिक्त पदमा करार सेवामा नियुत्त गर्न सकिनेछ ।

**४६. स्वेच्छिक अबकाश**

शिक्षक तथा कर्मचारीले निजको ईच्छा भएमा नियुक्त गर्ने अधिकारीले स्वेच्छिक अवकाश दिन सक्नेछन् ।

**४७. सेवा अबधिको गणना**

शिक्षक तथा कर्मचारीको सेवा अबधिको गणना गर्दा क्याम्पस सेवामा अस्थायी वा करार सेवामा रही अटुटसेवा गरी स्थायी भएको, स्थायी भई सेवा गरेको, परीक्षणकालको अबधि र क्याम्पस सेवामा प्रबेश पाउँदाको सेवाको अबधिलाई समेत गणना गरिनेछ ।

**४८. उपदान**

क्याम्पसमा कम्तिमा ५ बर्ष वा सो भन्दा बढि अबधि स्थायी सेवा गरेका शिक्षक तथा कर्मचारीले अबकाश पाएमा वा क्याम्पस सेवाका लागि भबिश्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाईएमा आर्थिक बिनियममा व्यबस्था भएबमोजिम उपादान प्रदान गरिनेछ ।

**४९. उपदान सम्बन्धी कार्यबिधि**

क्याम्पसका शिक्षक तथा कर्मचारीलाई दिईने उपदानको लागि क्याम्पसले उपदान कोषको स्थापना गर्नेछ । उपदान प्राप्तिको आधार निम्नानुसार हुनेछ :

(१) उमेरका कारण अनिबार्य अबकाश पाउने शिक्षक तथा कर्मचारीले अबकाश प्राप्त गर्नुभन्दा ३ महिना अगाडि सञ्चालक समितिले निर्धारण गरेको ढाँचामा फाराम भरी क्याम्पसप्रमुखलाई बुझाउनु पर्नेछ । स्वेच्छिक अवकाश प्राप्त गर्ने वा अन्य कुनै कारण उपदान प्राप्त गर्नसक्ने गरी सेवाबाट हटाईएका शिक्षक तथा कर्मचारीले अबकाश पाएको मितिले ३ महिनाभित्र त्यस्तो फारम भरी क्याम्पस प्रमुखलाई बुझाउनु पर्नेछ ।

(२) बिनियम ४९(१) बमोजिम फाराम नभर्दै शिक्षक वा कर्मचारीको मृत्यु भएको रहेछ भने त्यस्तो मृत शिक्षक वा कर्मचारीले ईच्छाएको व्यक्तिले र कसैलाई नईच्छाएको भए एकाघरको निकटतम सदस्यले क्याम्पस कार्यालय समक्ष ५ महिना भित्र फारम भरी बुझाउनु पर्नेछ :

**स्पष्टीकरण:** एकै क्रममा एकभन्दा बढि नातेदारहरु तोकिएको भए सो क्रममा तोकिएका सबै नातेदारहरुले बराबर हिसाबमा उपदान प्राप्त गर्नेछन् ।

(३) यसरी माथि ब्यबस्था भएबमोजिम फाराम प्राप्त भएपछि क्याम्पस प्रशासनले आवश्यक जाँचबुझ गरी अबकास प्राप्तगर्ने शिक्षक वा कर्मचारीको उपदान प्रदान गर्ने कारबाही अघि बढाउनेछ ।

(४) उपदानकोषको ब्यबस्थापन, सञ्चालन सम्बन्धी अन्य नियम क्याम्पस सञ्चालक समितिले निर्णय गरेबमोजिम हुनेछ ।

**(५) उपदान रोक्का गर्न सकिने**

बरबुझारथ गर्नुपर्ने शिक्षक वा कर्मचारीले बरबुझारथ नगरेसम्म उपदान रोक्का राख्न सकिनेछ ।

## परिच्छेद ८

## सञ्चयकोष र सापटी सम्बन्धी व्यबस्था

### ५०. सञ्चयकोषमा रकम जम्मा गरिने

(१) क्याम्पसमा स्थायी सेवामा कार्यरत शिक्षक तथा कर्मचारी अनिबार्यरुपमा क्याम्पस शिक्षक कर्मचारी सञ्चयकोष सदस्य हुनेछन् । त्यस्ता सदस्यले पाउने माषिक तलबबाट १० प्रतिशतका दरले महिनैपिच्छे रकम कटाईने छ र यसरी कटाईएको रकम सदस्यको नाउँमा सञ्चयकोषमा जम्मा गरिनेछ ।

**स्पष्टीकरण :** यस प्रयोजनका लागि तलब भन्नाले खास तलब र ग्रेड मात्रलाई जनाउनेछ ।

(२) सञ्चयकोषका लागि तलबबाट प्रत्येक सदस्यको जती रकम कटाई जम्मा गरिन्छ, सो बराबरको रकम क्याम्पसले थपिदिनेछ ।

(३) प्रत्येक सदस्यको नाउँमा रहेको सञ्चयकोषमा जम्मा भएको रकम सञ्चालक समितिले निर्धारण गरेबमोजिम नेपालमा लगानी गर्न वा नेपालको कुनै बैंक वा बित्तीय संस्थामा राख्न सकिनेछ ।

(४) उपदफा ३ अनुसार लगानी भएको आम्दानीबाट सञ्चालक समितिले तोकेबमोजिम ब्याज दिईनेछ ।

(५) क्याम्पस सेवाबाट अबकाश लिने सञ्चयकोषका प्रत्येक सदस्यलाई निजका नाममा जम्मा भएको सम्पुर्ण रकम फिर्ता दिईनेछ ।

### ५१. सापटी वा पेश्की दिन सकिने

शिक्षक तथा कर्मचारीहरुलाई दिन सकिने सापटी वा पेश्की सम्बन्धी व्यबस्था सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ९

## आचरण

### ५२. आचरण पालना गर्नुपर्ने

शिक्षक तथा कर्मचारीले निम्नानुसार आचरणको पालना गर्नुपर्दछ :

**(क) समय पालना र नियमितता**

शिक्षक तथा कर्मचारीले क्याम्पसले तोकिदिएको समयमा नियमितरुपमा आफु कार्यरत भएको निकायमा हाजिर हुनुपर्दछ । यस बिनियमको अधिनमा रही तोकिएको बिदाको लागि तोकिएबमोजिम स्वीकृति नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

**(ख) राजनीतिक निर्बाचनमा उम्मेदवार बन्न नहुने**

(१) शिक्षक वा कर्मचारीले कुनैपनि राजनीतिक दलको सदस्यताप्राप्त गरी वा नगरी केन्द्रीय, प्रान्तीय वा स्थानीय निकायको निर्बाचनमा उम्मेदवार बन्नु हुँदैन । तर प्रचलित कानुन बमोजिम बैठक, कार्यशाला, गोष्ठी, सम्मेलन, छलफलमा भागलिई आफ्नो बिचार व्यक्तगरी प्राज्ञिक स्वतन्त्रता उपयोग गर्न यस बिनियमले बाधा पुर्‍याएको मानिनेछैन ।

(२) कुनै शिक्षक वा कर्मचारीले राष्ट्रिय, प्रान्तीय वा स्थानीय निकायमा भाग लिन चाहेमा सेवाबाट राजिनामा गर्नु पर्नेछ । तर यस बिनियमले राजनीतिक निकाय, प्राध्यापक सङ्घ वा कर्मचारी सङ्घको वा कुनै बर्गीय हित वा एकताका लागि गठन भएका संस्था वा सामाजिक वा धार्मिक संस्था वा पेशागत संस्थामा कुनै पदमा उम्मेदवार हुन यस बिनियमले बाधा पुर्‍याएको मानिने छैन ।

**(घ) आफैं निर्णय लिन नहुने**

अख्तियार पाएका कुनै पदाधिकारी वा शिक्षक कर्मचारीले आफ्नो नातापर्ने शिक्षक वा कर्मचारी वा व्यक्तिका बारेमा निर्णय लिनु हुँदैन ।

**स्पष्टीकरण :** यस बिनियमको प्रयोजनका लागि नातापर्ने कुनै शिक्षक वा कर्मचारी भन्नाले आफ्ना छोराछोरी, बुहारी वा ज्वाइँ, सहोदर दाजुभाई, पतिपत्नी, आमाबाबु सम्झनु पर्दछ ।

**(ङ) अन्य स्थानमा काम गर्न नहुने**

क्याम्पसका स्थायी र पुर्णकालीन शिक्षक वा कर्मचारीले क्याम्पसको काम बाहेक कुनै प्रकारको अन्य रोजगारी सञ्चालक समितिले तोकेको पदाधिकारीको स्वीकृतिबेगर गर्नु हुँदैन ।

(च) आफ्नो सेवा र पद अनुसारको आचरण गर्नुपर्ने

शिक्षक तथा कर्मचारीले क्याम्पस वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायमरहने गरी आफ्नो आचरण तथा नैतिकता शुद्ध, उच्च र पबित्र राख्नुपर्दछ ।

(छ) **क्याम्पसलाई सहयोग गर्नुपर्ने**

बिद्यार्थीलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी सल्लाह दिनु, क्याम्पसमा आईपरेका समस्या समाधानका लागि सहयोग गर्नु, पेशालाई मर्यादित र प्रतिष्ठित राख्न सहयोग गर्नु सबै पदाधिकारी, शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

**(ज) हानी नोक्सानी गर्न नहुने**

शिक्षक तथा कर्मचारीले क्याम्पसको कुनै सम्पत्ति हानीनोक्सानी गर्नु हँदैन ।

**(झ) भ्रस्टाचार गर्न नहुने**

शिक्षक तथा कर्मचारीले अनुचित कार्य र भ्रष्टाचारजन्य कुनै कार्य गर्न, गराउन हुँदैन ।

**(ञ) नियमकानुन पालना**

पदाधिकारी, शिक्षक तथा कर्मचारीले क्याम्पसको नियम कानुनको पालना गर्नु पर्नेछ ।

**(ट) उचित आदरभाव देखाउनु पर्ने**

पदाधिकारी, शिक्षक तथा कर्मचारीले व्यबसायिक प्रकृतिको कामकाज गर्दा क्याम्पस,, प्रचलित नेपाल कानुन,, मान्यताप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित पेशागत नैतिकता र आचारसंहिता पालना गर्नुपर्नेछ ।

**(ठ) अवाञ्छित प्रभाव पार्न नहुने**

पदाधिकारी, शिक्षक तथा कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ साध्य गर्ने किसिमले अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारीमाथि अबाञ्छित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

**(ड) अपराधलाई प्रश्रय गर्न नहुने**

कुनै अपराधलाई प्रश्रय गर्नेगरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट र पीडा हुनेगरी दवाब दिनु वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउनु समेत हुँदैन ।

**(ढ) तोकिएको जिम्मेवारी पुरा गर्ने**

शिक्षकहरुले तोकिएको कक्षा लिने, सुपरीबेक्षण तथा निरीक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नुपर्नेछ साथै कर्मचारीले कार्य बिबरण अनुसारको कार्य गर्नुपर्नेछ ।

## परिच्छेद १०

## सजायँ र पुनराबेदन

### ५३. शिक्षक तथा कर्मचारीलाई गर्न सकिने सजायँ

उचित र पर्याप्त कारण भएमा शिक्षक तथा कर्मचारीलाई निम्नानुसारको सजायँ गर्न सकिनेछ :

**(क) सामान्य सजायँ**

(१) नसिहत दिने

(२) बढिमा २ ग्रेड रोक्का गर्ने

(३) बढिमा २ बर्ष सम्मकालागि बढुवा रोक्का गर्ने

**(ख) बिशेष सजायँ**

(१) अबिश्यमा क्याम्पस सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने

(२) भबिश्यमा क्याम्पस सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने

### ५४. नसिहत दिने, ग्रेड बृद्धि वा बढुवा रोक्का गर्ने

निम्न कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई नसिहत दिन वा ग्रेड बृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ :

(१) काम सन्तोषजनक नभएमा

(२) पुर्बस्वीकृति नलिई बारम्बार अनुपस्थित रहने गरेमा

(३) अनुशासनहीन काम गरेमा

(४) आचरण सम्बन्धी नियम उलङ्घ गरेमा

(५) तोकिएबमोजिम बरबुझारथ नगरेमा

(६) तोकिएबमोजिमको काम नगरेमा

**५५. सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिने**

निम्न कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाको निमित्त भविश्यमा अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ :

(१) आफ्नो कर्तव्यमा लापरबाही गरेमा

(२) कार्यक्षमताको अभाब भएमा

(३) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सजायँ पाएमा

(४) बहुलाएमा वा मानसिक सन्तुलन गुमाई जिम्मेवारी पुरागर्न नसक्ने भएमा

(५) भ्रष्टाचार गरेको प्रमाण्ति भएमा

(६) क्याम्पस बाहेक अन्य निकायमा बिना पुर्बस्वीकृति नोकरी गरेमा, तर यो नियमावली लागु हुनुभन्दा अगाडि पुर्बस्वीकृति नलिई अन्यत्र पुरा वा आँशिकरुपमा कार्यरत रहेको शिक्षक तथा कर्मचाहरुरीले यो नियमावली लागुभएको मितिले ६० दिनभित्र क्याम्पसको स्वीकृति लिनुपर्नेछ अन्यथा यसै बिनियम बमोजिम कारबाही हुनेछ ।

(७) आचरणका बिनियमहरुलाई बारम्बार पालना नगरेमा वा उलङ्घन गरेमा

(८) लगातार ३५ दिन भन्दा बढि समयसम्म सुचना नलिई क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा

**५६. बाँकीबक्यौता तलबबाट कट्टागरी असुल गरिने**

कुनै शिक्षक तथा कर्मचारीले जानीजानी लापरबाही गरी वा प्रचलित कानुनको उलङ्घन गर्दा क्याम्पसलाई हुनआएको नोक्सानी सम्पुर्ण वा आँशिकरुपमा निजको सञ्चयकोष बाहेकको तलबबाट कट्टागरी असुलउपर गर्न सकिनेछ । यसरी असुल गर्न पाउने रकम तलबबाट नपुग्ने भएमा प्रचलित कानुनबमोजिम निजको अन्य जायजेथाबाट असुलउपर गर्ने कानुनी मार्ग अबलम्बन गरिनेछ ।

**५७. निलम्बनमा राखी कारबाही गर्ने**

(१) निम्नलिखित अवस्थामा अख्तियारवालाले सम्बन्धित शिक्षक वा कर्मचारीलाई निलम्बनमा राखी कारबाही गर्नेछ :

(क) निलम्बन नगरी कारबाही अगाडि बढाउँदा सबुतप्रमाण लोप गर्ने वा झुट्टा सबुतप्रमाण खडागर्न सक्ने आशँका रहेमा ।

(ख) निलम्बन नगरी कारबाही अगाडि बढाउँदा क्याम्पसलाई नोक्सानी हुने वा कारबाहीमा बाधा पुग्ने देखिएमा ।

(२) निलम्बनमा परेको शिक्षक तथा कर्मचारी दोषमुक्त हुनेगरी वा कुनै सजायँ पाउने गरी अख्तियारवालाले निर्णय गरेमा निजको निलम्बन समाप्त भएको मानिनेछ ।

(३) स्वतः निलम्बनमा रहेको अबस्थामा बाहेक कुनै शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राख्दा ३ महिनाभन्दा बढी समयका लागि निलम्बनमा राखिने छैन र सोही समयसीमाभित्रै कारबाहीको टुङ्गो लगाउनु पर्नेछ ।

**५८. सजायँको कार्यबिधि**

(१) बिनियम ५५ बमोजिम सफाईको मौका नदिई सेवाबाट हटाईने वा बर्खास्त गर्न सकिनेमा बाहेक अन्य कुनै कर्मचारीलाई सजायँ गर्नु परेमा सजायँ गर्ने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी उक्त शिक्षक तथा कर्मचारीलाई सुचना दिई निजलाई आफ्नो सबुत पेशगर्ने उचित मौका दिनु पर्नेछ ।

(२) अख्तियारवालाले कुनै शिक्षक तथा कर्मचारीलाई सजायँ गर्नुअगाडि कारबाही गर्न लागिएको कारण उल्लेख गरी उक्त शिक्षक तथा कर्मचारीलाई न्युनतम ७ दिने सुचना दिई निजलाई आफ्नो सबुत पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) यस्तो सुचना दिंदा शिक्षक वा कर्मचारीमाथि लगाईएको आरोप स्पष्टरुपले किटिएको हुनुपर्छ । प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ, सोसमेत खुलाउनुपर्छ र त्यस्ता आरोपका सम्बन्धमा निजले तोकिएको म्यादभित्र सफाई पेशगर्नु पर्नेछ ।

(४) आरोप लागेको शिक्षक वा कर्मचारीको सफाई प्राप्त भएपछि सो सम्बन्धमा अख्तियारवालाले आवश्यक ठानेमा स्वयम् वा कुनै ब्यक्ति वा समितिद्धारा छानबीन गराउँन सक्नेछ ।

**५९. पुनराबेदन**

कुनै शिक्षक तथा कर्मचारीलाई आफुले पाएको सजायँमा चित्त नबुझेमा आफ्नो पुर्ण बिबरण र सजायँको आदेशको सुचनाको प्रतिलिपीसमेत संलग्न गरी सजायँको सुचना पाएको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र त्यस्तो सजायँको आदेशबिरुद्ध सञ्चालक समितिको अध्यक्षसमक्ष पुनराबेदन दिन सक्नेछ ।

**६०. सेवामा पुनःर्बहाली भएमा तलबभत्ता पाउँने**

कुनै शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश बदर भई निज सेवामा पुनर्बहाली भएमा सेवाबाट हटाएको वा बर्खास्त गरिएको मितिदेखि पुनःर्बहाली भएको मितिसम्मको पुरा तलबभत्ता र ग्रेड बृद्धि भए त्यस्तो बृद्धि समेत प्राप्त गर्नेछ ।

**६१. सेवामा बहाल गर्न बाध्य नहुने**

क्याम्पस सेवाबाट हटाईएको वा बर्खास्त गरिएको कुनै शिक्षक तथा कर्मचारी आफ्नो पदमा पुनःर्बहाली भएको सुचना पाएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र हाजिरहुन नआएमा क्याम्पस सेवामा बहाल गर्न बाध्य हुनेछैन ।

## परिच्छेद ११

## बिबिध

### ६२. पुर्बसुचना दिनुपर्ने

क्याम्पसमा कार्यरत कुनै शिक्षक तथा कर्मचारीले राजिनामा दिन चाहेमा निजले ३ महिनाको पुर्बसुचना दिनु पर्नेछ । त्यस्तो सुचना नदिई एकैपटक राजिनामा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीबाट क्याम्पसले ३ महिनाको तलब असुलगर्न सक्नेछ । उचित कारण भएमा सञ्चालक समितिले यो समय कम गर्न सक्नेछ ।

### ६३. निरोगिताकोप्रमाण पत्र पेश गर्नुपर्ने

स्थायी हुनुभन्दा पहिले प्रत्येक शिक्षक तथा कर्मचारीले नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

### ६४. सेवा सम्बन्धी बिबरण अध्याबधिक राख्नुपर्ने

(१) क्याम्पस कार्यालयमा क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको सेवा दर्ता किताब रहनेछ ।

(२) सेवा दर्ता किताबमा शिक्षक तथा कर्मचारीको उमेर, शैक्षिक योग्यता, नागरिकता र अन्य आवश्यक सुचनाहरु भरिनेछ । जन्मतिथि प्रमाणपत्रका आधारमा राखिनेछ ।

(३) उमेर सम्बन्धी कुनै बिबाद उठेमा दर्ता किताबमा चढाएको उमेर अन्तिम हुनेछ । सेवाबाट अबकाश सोही सेवादर्तामा उल्लेख गरेको उमेरका आधारमा हुनेछ ।

(४) सेवा पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरण सम्बन्धी हरेक बर्ष प्राप्तहुने बिबरण वा प्रतिबेदनको सारााँस लेखिनेछ । साथै उनीहरुले क्याम्पसमा पेशगरेका, बर्षभरि प्रकाशित गरेका पाठ्यपुस्तक वा अनुसन्धानात्मक कृतिहरुको सुचि पनि लेखिनेछ ।

### ६५. बरबुझारथ गर्नुपर्ने

कुनै शिक्षक वा कर्मचारीलेसेवा छाड्दा अख्तियारवालालाई सेवा छाडेको वा अबकाश प्राप्त गरेको ३५ दिनभित्र आर्थिक प्रशासन बिनियम बमोजिम बरबुझारथ गर्नुपर्नेछ । सो बरबुझारथ नगरेसम्म क्याम्सबाट पाउँने सञ्चयकोष बाहेकको अन्य रकम रोक्का गरिनेछ ।

### ६६. असल नियतले गरेको कामको बचाउ

बिनियमबमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा क्याम्पसमा कुनै शिक्षक तथा कर्मचारीउपर मुद्धा चलाउने वा अन्य कुनै कानुनी कारबाही अघि बढाईने छैन ।

### ६७. बाधाअड्काउ फुकाउने

यो बिनियम बमोजिम कुनै कारबाही गर्दा कुनै बाधाअड्चन आईपरेमा त्यस्ता बाधाअड्चन हटाउँने वा फुकाउने अधिकार सञ्चालक समितिको हुनेछ ।

**६८. कार्य ब्यबस्थापन प्रणाली तर्जुमा गर्न सकिने**

यस बिनियमको उद्देश्य पुर्तिका लागि सञ्चालक समितिले कार्य ब्यबस्थापन प्रणाली बनाई लागुगर्न सक्नेछ ।

**६९. खारेजी र बचाउ**

यो बिनियम लागु हुनुभन्दा अगाडि कायम रहेका यससंग सम्बन्धित नियम खारेज गरिएका छन् । यो बिनियम लागु हुनुपुर्ब भएका कामकारबाही यसै बिनियमबमोविम गरिएको मानिनेछ ।